दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

# न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रिपरिषद) को तत्कालिन राहत सम्बन्धी मिति २०७७।०१।१४ को निर्णय समेतका आधारमा आर्थिक वर्ष २०७७/७८ मा यस दक्षिणकाली नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने **बेरोजगार नेपाली नागरिकहरुले २०७७ श्रावण ८ गते देखि २०७७ भाद्र ७ गते सम्म** आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन सम्बन्धित वडा कार्यालयमा उपलव्ध फाराम भरी निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । पूर्ण रुपमा नभरिएको निवेदन स्वीकृत हुने छैन र निवेदनमा भरिएका विवरणहरुको आधिकारिकता सम्बन्धमा निवेदक स्वयं जिम्मेवार हुनेछ ।

नोट:- निवेदनका लागि एक प्रति पासपोर्ट साईजको फोटो र आफू लगायत परिवारका बालिग सदस्यहरुको नागरिकताको छायाँप्रति आवश्यक पर्नेछ ।